म्याग्दी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३.. मितिः २०७८।१२।०१

**भाग-२**

**म्याग्दी गाउँपालिका**

## समुदायमा आधारित संघसंस्था दर्ता तथा परिचालन कार्यविधी २०७८

(आमा समुह, महिला संजाल, युवा क्लव , सामुदायिक संस्था लगायत यस्तै प्रकृतिका अन्य ...)

•

कार्यपालिकाबाट पारित मितिः २०७८/१०/१७

प्रमाणीकरण मितिः २०७८/१०/१७

**स्थानीय राजपत्रमा प्रकाशित मितिः** २०७८/१२/०१

# म्यागङ गाँउपालिका

# समुदायमा आधारित संघसंस्था दर्ता तथा परिचालन कार्यविधी २०७८

(आमा समुह, महिला संजाल, युवा क्लव , सामुदायिक संस्था लगायत यस्तै प्रकृतिका अन्य ...)

**प्रस्तावना**

यस म्यागङ गाउँपालिका भित्र समाजिक परिचालनका माध्यम वाट तथा संगठित संस्थाका रुपमा लक्षित समुदायको उत्थान एवं समाज रुपान्तरणमा योगदान पुर्‍याउने उद्धेश्यले गठन गरिने समुदायमा आधारित संघसंस्था हरुलाई व्यवस्थित र मर्यादित वनाउने हेतुले ती संघसस्थाहरु पलिकामा विधिवत दर्ता गर्न वान्छनिय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी  यस म्यागङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम **"समुदायमा आधारित संघसंस्था दर्ता तथा परिचालन कार्यविधी २०७८** "रहेकोछ।

ख) यो कार्यविधितुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"समुदायमा आधारित संघसंस्था"** भन्नाले दफा ३ बमोजिम उद्येश्य लिई गठित विभिन्न प्रकृतिका समुह तथा संघसस्था ,समिति लाई सम्झनुपर्छ।

ख) **साधारण सभा** भन्नाले समुदायमा आधारित विभिन्न संघसंस्थामा प्रतिनिधित्व गर्ने साधारण सदस्य सहितको वार्षिक भेलापाई जनाउँछ , यो शव्दले विशेष साधारण सभा तथा भेला लाई समेत जनाउनेछ।

ग) **समाजिक रुपान्तरण** भन्नाले समाजमा रहेका विभिन्न खाले कुसंस्कार, रुढिवादी प्रथा तथा विभेदहरुको अन्त गर्दै भेदभाव रहित अवस्थाको सुसंस्कृत तथा सभ्य समाजलाई जनाउनेछ ।

घ) **"सामुदायिक विकास अभियान"**भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताको मुल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउंछ ।

ङ) **"पूर्ण सरसफाइ उन्मुख अवस्था"**भन्नाले सफारस्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणको सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउंछ ।

च) “**सामाजिक समावेशीकरण**”भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्थालाई बुझाउंछ ।

**३. उद्देश्य**

संस्था गठन गर्नुको मुख्य उद्देश्यहरु निम्न अनुसार छन् ।

क) टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुह स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुंच अभिबृद्धि गर्ने ।

ख) टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुहहरुको उद्यमसिलताको विकास गराई स्थानीयस्तरमा लघु उद्यमको सृजना, विकास र प्रवर्धन गर्ने।

ग) स्थानीयस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कार्य गराउने ।

घ) आर्थिक, सामाजिक सवालमा सबै टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुहहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने।

ङ) टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुहहरुको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढवा दिने ।

च) टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुहहरुका लागी विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने ।

छ) सहभागितात्मक योजना कार्यवन्यन, अनुगमन एवम् मुल्याङ्कन प्रकियामा सहयोग पुर्याउने ।

ज) टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुह सदस्यहरुको गरिबीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनिहरुको अभिलेख तयार गर्ने ।

झ) टोल वस्ति , समुदाय तथा सम्वन्धित लक्षित समुह को समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने ।

ञ) वातावरण र सरसफाई, अपाङगमैत्री, बालमैत्री गाउँपालिका/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार, उद्यमसिलता विकासका अभियान संचालन गर्ने ।

ट) टोल वस्ति , समुदाय मा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संर्वद्धन गर्ने ।

ढ) पालिकाको बार्षिक योजना तर्जुमाको क्रममा बस्ती/ टोल स्तरको योजना छनौट गरि प्राथिमिकरणमा सहयोग गर्ने।

ण) संघ तथा प्रदेश लगायत अन्य सरकारी निकायहरुवाट दर्ता गर्न भनि तोकिएका विभिन्न उद्येश्यले गठन भई आएका विभिन्न प्रकृतिका समुह, संजाल, संस्था तथा क्लवहरु समेत लाई व्यवस्थित र मर्यादित ढंगवाट निर्दिष्ट लक्ष्य तथा यद्येश्य प्राप्तिमा परिचालन गर्न

**४.दर्ता/सूचिकृत**

समुदायमा आधारित संघसंस्था को दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

क) समुदायमा आधारित संघसंस्था को बैठकमा सर्वसम्मत निर्णय गराई वडा समितिको सिफारिसमा गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ । संस्थालाई गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमूना (अनुसूचि २) मा उल्लेख गरिएको छ । संस्थाबाट निर्णय गरि दर्ताका लागि निवेदन पेश गरेमा गाउँपालिकाले (अनुसुची ३) बमोजिमको संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) समुदायमा आधारित संघसंस्था ले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा गाउँपालिकाले संस्थाको दर्ता खारेज गर्नेछ।

**५.समुदायमा आधारित संघसंस्था को काम कर्तव्य र अधिकारः**

**समुदायमा आधारित संघसंस्थाले** आफनो क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन्ः

क) टोल वस्ति तथा समुदायका सम्वन्धित लक्षित समुह मा धनी/गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरि टोल वस्ति तथा समुदाय को विकासको लागि सहजिकरण गर्ने ।

ग) टोल वस्ति तथा समुदाय मा उद्यम विकाससँग सम्बन्धित योजनाहरु सञ्चालन गर्न आवश्यक सहजिकरण गर्ने ।

घ) टोल वस्ति तथा समुदाय को विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

ङ) टोल वस्ति तथा समुदाय को सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

च) पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि/एड्स, अन्धविश्वास, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ) टोल वस्ति तथा समुदाय को आर्थिक तथा सामाजिक तथ्याङ्क अध्यावधिक गर्न सूचना अभिलेख गर्ने ।

ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

झ) टोल वस्ति तथा समुदाय मा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने ।

ञ) आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियानसँग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, अपाङगमैत्री, महिलामैत्री,प्राङ्गगारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरु संचालन गर्ने ।

ट) टोल वस्ति तथा समुदाय मा भवन निर्माण मापदण्ड, राजश्व सुधार,सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ठ) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

ड) गाउँपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ढ) संस्थामा प्राप्त रकम संस्थाको नीति बमोजिम खर्च गर्ने, लेखा राख्ने र लेखा परिक्षण गराउने ।

ण) गाउँपालिकासँग भएको साझेदारी अनुसार अन्य कार्य गर्ने ।

**6. अनुगमन तथा मूल्यांकंन**

क) वडा समितिले आफ्नो क्षेत्रभित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ ।

ख)गाउँपालिकाले समग्र गाउँपालिका क्षेत्रभित्रको टोल विकास संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरुलाई पृष्ठपोषण गर्न सक्नेछ ।

**7. संसोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

**8. बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथाअन्य प्रचलित कानुन बमोजिम सँग बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

## अनुसूची - १

........................... संस्थाको विधानको नमूना

**प्रस्तावना**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै गाउँपालिकाको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान, सहभागितामुलक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ...................... संस्थाको स्थापना गरी सञ्चालन गर्न वान्छनिय भएकोले यो विधान बनाईएको छ ।

**१. प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ....................संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ............ हुनेछ ।

(ग) यो विधान ....................... संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय ............. मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ

पूर्व ................ पश्चिम......................

उत्तर .................. दक्षिण ......................

**२. परिभाषा**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा;

१. “संस्था”भन्नाले ................ ससंस्थालाई सम्झनुपर्दछ।

२ “विधान”भन्नाले...........संस्थाको विधानलाई सम्झनुपर्दछ।

३ “साधारणसभा”भन्नाले संस्थाको साधारणस दस्यको भेलालाई सम्झनुपर्दछ।

४ “समिति”भन्नाले ...........संस्थाकोकार्य समिति सम्झनु पर्दछ ।

५. “बैठक”भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ।

६. “पदाधिकारी”भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई सम्झनु पर्दछ ।

**३. संगठित संस्था हुने**

क) संस्थाको आफ्नै छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल÷अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाको उद्देश्यहरु**

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछः

क) स्थानीय स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिबी न्यूनिकरणमा मद्दत पु¥याउने ।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको ब्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने ।

घ) संस्थाहरुलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा सक्रिय सहभागिता बनाउने ।

थप विवरण खुलाएर लेख्ने.................................................

**५. कार्य समितिको गठन**

विवरण खुलाएर लेख्ने................................................. .

भएका सदस्यहरु मध्ये कम्तीमा ४० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

**६. संस्थाको कार्यहरु**

विवरण खुलाएर लेख्ने.................................................

**७. सदस्यता**

विवरण खुलाएर लेख्ने.................................................

**८. सदस्यता नरहने**

विवरण खुलाएर लेख्ने................................................

**९. संस्था गठन एवं कार्य संचालन गर्ने विधि**

विवरण खुलाएर लेख्ने................................................

**१०. सस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार**

विवरण खुलाएर लेख्ने................................................

ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकारः

विवरण खुलाएर लेख्ने................................................

ग)संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

विवरण खुलाएर लेख्ने................................................

घ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार

विवरण खुलाएर लेख्ने................................................

**११.साधारण सभाको गठन र कार्य प्रणालीः**

विवरण खुलाएर लेख्ने................................................

**१२. साधारण सभाको काम, कर्तब्य र अधिकार**

विवरण खुलाएर लेख्ने................................................

**१३. आर्थिक व्यवस्था**

विवरण खुलाएर लेख्ने................................................

**अनुसूची-२**

**.................. संस्था दर्ता गर्ने निवेदनको नमूना**

मिति-................

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू

म्यागङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउराली-३, नुवाकोट

विषय-.............. संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिका वडा नं. ......को..........................टोलमा गठन गरिएको ............................. संस्थालाई म्यागङ गाउँपालिकाको कार्यालयमा दर्ता/सुचिकृत गरि दिनुहुन अनुरोध गर्दछु । यस .................... संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमित रहनेछ । पुर्व सिमाना .................. पश्चिम सिमाना.............. उत्तर सिमाना................. दक्षिण सिमाना ..............

निवेदक

........................

अध्यक्षको नाम -

संस्थाको नाम - ठेगाना -

**अनुसूची ३**

**……… संस्थालाई दिने प्रमाण पत्रको नमुना**

म्यागङ गाउँपालिकागाउँ कार्यपालिकाको कार्यालय

देउराली-३ नुवाकोट

प्रमाण-पत्र

……………………………गाउँपालिका वडा नं……स्थित………………………………………………मा गठन भएको………………………………………………………… संस्थालाई यस कार्यालयमा मिति…………………………मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पुर्वाधार, टोल/वस्तीको सुशासन लगायतका क्षेत्रमा यस संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गर्दछु ।

………………………………

प्रमुख प्रशासकिय अधिकृत

आज्ञाले,

कुमार लाल श्रेष्ठ

नि.प्रमुख प्रशासकीय अधिकृत